Ankush Daily
# अंकुश दैनिक
✸ वर्ष– २१ ✸ अंक २८२ ✸ २०७७ मंसिर २ गते मंगलबार ✸ Ankush Daily, Tuesday, Novemmber 17, 2020 ✸ मूल्य ५/-

# नेपाल संवत्‌ले राष्ट्रिय एकता सुदृढ गर्न थप मद्दत पुग्ने छ : राष्ट्रपति



*भक्तपुर, १ मङ्सिर (रासस) :* राष्टूपति विद्यादेवी भण्डारीले नेपालको मौलिक नेपाल संवत्‌ले सम्पूर्ण नेपालीबीच आपसी सद्‌भाव, सहिष्णुता र बन्धुत्वको भावना अभिवृद्धि गरी राष्ट्रिय एकता सुदृढ गर्न थप मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभएको छ। राष्ट्रिय विभूति शङ्खधर साख्वाः प्रतिष्ठानले नेसं ११४१ का अवसरमा आज मध्यपुरथिमिमा आयोजना गरेको माल्यार्पण कार्यक्रममा आज दिनुभएको शुभकामना सन्देशमा उहाँले नेपाली समाज सभ्य र सहिष्णु समाज भएकाले हाम्रा चाडपर्वलाई असल परम्पराले थप सुदृढ बनाउँदै लगेको जनाउँदै नेसंलाई देशव्यापी बनाउनुपर्नेमा जोड दिनुभयो ।

शुभकामना सन्देशमा भनिएको छ, "लिच्छविकालीन राजा राघवदेवको समयमा गरीब जनतालाई ऋणमुक्त गरी शंखधर साख्वाःले यस संवत्‌लाई प्रचलनमा ल्याएको पाइन्छ, आजको दिन राष्ट्रिय विभूति साख्वाःको उक्त परोपकारी कामलाई स्मरण गर्दै समाजको उन्नति र प्रगतिमा निःस्वार्थ भावनाले अग्रसर रहन हामी सबैमा प्रेरणा मिल्ने विश्वास व्यक्त गर्दछु ।" सुधारका नेतृत्वकर्ता साख्वाको विशेष स्मरणः प्रम

यसै अवसरमा प्रधानमन्त्री केपी शर्मा ओलीले शुभकामना सन्देश दिँदै यहाँका विविधतायुक्त मौलिक परम्परा सिंगो राष्ट्का साझा पूँजीका रुपमा अङ्कित भएको र एकताको राष्ट्रिय पूँजीलाई मुलुक निर्माणको आधारस्तम्भका

*बाँकी अन्तिम पेजमा*

सुचना ! सुचना !! सुचना !!!

## बहुदरमाई नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बहुअरी पिडरी, पर्सा
**प्रदेश नं २ ,नेपाल**

मिति २०७७।०४।२८ गतेमा हिमालयन पत्रिकामा प्रकाशित करारमा कर्मचारी नियुक्ति गर्ने सम्बन्धी सुचना वमोजिम परेका दरखास्तहरुको लिखित तथा अर्न्तवाता कोभिड–१९ को प्रकोप बढेका कारण स्थगन गरीएका तपसिल वमोजिम लिखित प्रयोगातमक तथा अर्न्तवार्ता हुने ब्यहोरा सरोकारवालाईहरुलाई सुचित गरीन्छ ।

**१. नगर प्रहरी**
अर्न्तवार्ता मिती:– २०७७।०८।१०
समय दिनको :– १२:३० बजे
स्थान:– ब.न.पा.को कार्यालय बहुवरी पिडरी

**२. सिभिल इन्जिनियर**
लिखित परिक्षा मिती:– २०७७।०८।१३
समय दिनको :– १२:३० बजे
स्थान:– ब.न.पा.को कार्यालय बहुवरी पिडरी

**३. सब इन्जिनियर**
लिखित परिक्षा मिती:– २०७७।०८।१४
समय दिनको :– १२:३० बजे
स्थान:– ब.न.पा.को कार्यालय बहुवरी पिडरी

**४. प्राबिधिक सहायक**
लिखित परिक्षा मिती:– २०७७।०८।१५
समय दिनको :– १२:३० बजे
स्थान:– ब.न.पा.को कार्यालय बहुवरी पिडरी

**नोट** :–हलका सवारी चालक र स्वास्थय सेवा तर्फका अ.हे.ब., अनमि र कार्यालय सहयोगीहरुको परिक्षा अर्को सुचना प्रकाशित नगरुन्जेल सम्म स्थगित गरीएको छ र साथै माथि उल्लेखित लिखित परिक्षा मितीको दिन सार्वेजनिक विदा भए सो को भोली पल्ट परिक्षा संचालन हुने छ ।

**तिर्थराज पौडेल**
**प्रमुख प्रशासकिय अधिकृत**

सुचना ! सुचना !! सुचना !!!

## बहुदरमाई नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बहुअरी पिडरी, पर्सा
**प्रदेश नं २ ,नेपाल**

## करार पदपुर्ति गर्ने सम्बन्धी सुचना
### (प्रथम पटक प्रकाशित मिति २०७७/०८/०२)

यस बहुदरमाई नगरपालिकाको मिति २०७६/१०/२९ गते बसेको विशेष नगर सभाको निर्णय र यस न.पा.को नगर शिक्षा समितिको मिति २०७७/०६/२६ गते बसेको बैठकको निर्णय अनुसार तपसिल बमोजिमका पदहरुमा करार र राहत सेवामा नियुक्ती गर्नुपर्ने भएकोले निम्न शर्तको अधिनमा रहि निम्न योग्यता पुगेको नेपाली नागरिकले १५ दिन भित्र मांग बमोजिको सेवा समुहको रित पुर्वकको दरखास्त फारम भरी यस नगरपालिकाको कार्यालयमा पेश गर्नहुन यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**१ पद : मा.बि. तृ.शिक्षक (अनिवार्य गणित) (१ जना)**
**२ पद : मा.बि. तृ. शिक्षक (नेपाली १, सामाजिक १) राहत–२ जना**
**३ पद : नि.मा.बि.तृ.शिक्षक (नेपाली)– २ जना**
**४ पद : नि.मा.बि.तृ.शिक्षक (सामाजिक) राहत–२ जना**
**५ पद : प्रा.बि.शिक्षक–१० जना**

**१. आवश्यक न्युनतम योग्यता र अनुभव,**
१.१ **मा.बि. तृ.का हकमा :** मान्यता प्राप्त शिक्षण संस्थानबाट सम्बन्धित बिषयमा शिक्षा शास्त्र संकायमा स्नातक तह वा सो सरहको परीक्षा उतिर्ण गरेको वा शिक्षा बिषयमा कम्तीमा १० महिने तालीम प्राप्त गरेको हुनुपर्ने ।
१.२ अन्य संकायबाट स्नातक तह पुरा गरी एक बर्षे बि.एड. गरेको ब्यक्तिले शुरुमा स्नातक गरेको वा एक बर्षे बि.एड. गरेको मध्ये आफुले रोजेको कुनै एक बिषयमा उम्मेदवार बन्न सक्नेछ ।
१.३ **नि.मा.बि.तृ.को हकमा :** मान्यता प्राप्त शिक्षण संस्थानबाट सम्बन्धित बिषयमा शिक्षा शास्त्र संकायमा प्रविणता प्रमाण पत्र तह वा १०+२ सरहको परीक्षा उतिर्ण गरेको वा शिक्षा बिषयमा कम्तीमा १० महिने तालीम प्राप्त गरेको ।
१.४ **प्रा.बि. को हकमा :** मान्यता प्राप्त शिक्षण संस्थान बाट शिक्षा शास्त्र संकायमा प्रविणता प्रमाण पत्र तह वा १०+२ सरहको परीक्षा उतिर्ण गरेको वा शिक्षा बिषयमा कम्तीमा १० महिने तालीम प्राप्त गरेको ।
१.५ **उमेर :** कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
(२) **दरखास्त दिने स्थान :** नगर कार्यपालिकाको कार्यालय बहुअरी पिडरी ४ पर्सा
(३) **दरखास्त दिने अन्तिम मिति :** सुचना प्रकाशन भएको मितिले १५(पन्द्र) दिन भित्रमा उक्त दिन सार्वजनिक विदा भए सोको भोलीपल्ट कार्यालय समय सम्म बहुदरमाई न.पा को कार्यालय बहुअरी पिडरी ४ पर्सा ।
(४) **आवेदन दस्तुर रु.:** मा.वि.को हकमा रु.१०००। ,नि.मा.वि. को हकमा रु७००। र प्रा वि को हकमा ५००।
(५) **छनौटको किसिम :** लिखित परिक्षा, अन्तर्वाता र(आवश्यकता अनुसार कक्षा अवलोकन पनि गरिने छ ।
(६) **प्रारम्भीक योग्ताक्रमको सुची प्रकाशन :** दरखास्त दिने म्यादको भोली पल्ट ।
(७) **आवेदन साथ संलग्न कागजातहरु :** न्युन्तम योगता (ट्रान्सक्रिप्ट ,चारित्रिक प्रमाणपत्र र मार्कसिटको प्रतिलिपीहरु)
• स्थायी अध्ययन अध्यापन अनुमती पत्र प्राप्त गरेको प्रतिलिपी ।
(८) **सेवा सुविधा :** न.पा.को निर्णय अनुसार हुने छ ।
(९) शिक्षक सेवा आयोगको करार योग्यता क्रमको सुचिमा परेको उम्मेदवारहरुले तोकिएको समयमा आवेदन दिएमा बरिष्ठता क्रमको आधारमा निजलाई करार नियुक्तिको लागी पहिलो प्राथामिक्तामा राखिनेछ ।

**६ पद उधम विकास सहजकर्ता (सहायक स्तर पाँचौ तह)**
क आवश्यक संख्या – २(दुई)
ख आवश्यक न्युनतम योग्यता र अनुभव,
ख.१ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) वाट उद्यमविकास सहजकर्ता सम्वन्धि डिप्लोमा कोर्ष उत्तिर्ण गरेको, वा
ख.२ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) वाट मान्यता उद्यम विकास सहजकर्ता सिप परिक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा
ख.३ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) वाट उद्यम विकास सहजकर्ता सम्वन्धि प्राविधिक प्रवेशिका परिक्षा (टिएसएलसी) उत्तीर्ण गरेको
ख.४ अनुभव : लागि लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सीप विकास वा आय आर्जनको क्षेत्रमा कम्तीमा एक वर्ष काम गरेको हुनु पर्ने ।
(२) **उमेर :** कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको
(३) **दरखास्त दिने स्थान :** नगर कार्यपालिकाको कार्यालय बहुअरी पिडरी ४ पर्सा ।

(४) आवेदन दस्तुर उद्यम विकास सहजकर्ताको हकमा रु.५००।–
(५) **छनौटको किसिम :** प्रारम्भिक योग्याक्रमको सुचि प्रकाशन, लिखित परिक्षा र अन्तरवार्ता ।
(६) **प्रारम्भीक योग्यताक्रमको सुची प्रकाशन :** दरखास्त दिने अन्तिम मितिको भोली पल्ट ।
(७) आवेदन साथ संलग्न कागजातहरु न्युन्तम योगता (ट्रान्सक्रिप्ट ,चारित्रिक प्रमाणपत्र र मार्कसिटको प्रतिलिपीहरु)
(८) **सेवा सुविधा :** न.पा.को निर्णय अनुसार हुने छ ।
(९) महिला, दलित,आदिवासी जनजाति, मधेशी तथा विपन्न वर्ग लाई विशेष ग्राहयता दिइने छ ।

**७ पद हेवी सवारी चालक (प्रथम तह)** – १(एक जना)
**८ पद हलका सवारी चालक (प्रथम तह)** – ३(तिन जना)
**९ पद कार्यालय सहयोगी (प्रथम तह)** – १(एक जना)
**१. आवश्यक न्यूनतम योग्यता र अनुभव,**
(क) **आवश्यक न्युनतम योग्यता :–** साधारण लेखपढ,नेपाली बोल्न र लेख्न सक्ने ।
ख) **उमेर :** कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको
(२) **दरखास्त दिने स्थान :** नगर कार्यपालिकाको कार्यालय बहुअरी पिडरी ४ पर्सा,
(३) आवेदन दस्तुर रु ५००।–(पाँच सय)
(४) **विदा तथा अन्य सुविधा :** नगरपालिकाले तोके बमोजिम हुनेछ ।
(५) **छनौटको किसिम :** प्रारम्भिक कार्यको अनुभव, सुची प्रकाशन र मौखिक अन्तर्वाता बाट हुनेछ ।
(६) **आवेदन साथ संलग्न कागजातहरु :** सवारी चालकको हकमा (सवारी चालक अनुमति पत्रको प्रतिलिपि १ थान)
• सरकारी,गैर सरकारी संघ संस्था वा प्राईवेट कम्पनीमा काम गरेको भए अनुभवको प्रमाणपत्रको प्रतिलिपि १ थान
(७) नगरपालिकामा कार्यरत कर्मचारीलाई विशेष प्राथमिकता दिने छ ।

**१० पद कुस्ति प्रशिक्षक –१ जना**
**१. आवश्यक न्यूनतम योग्यता र अनुभव,**
१.१ **आवश्यक न्युनतम योग्यता :–** कम्तीमा SEE पास गरेको ।
१.२ सम्बन्धित खेलमा प्रशिक्षक, प्रशिक्षण गरेको प्रमाण पत्र र कार्य अनुभव ।
१.३ **उमेर :** कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको
(२) **दरखास्त दिने स्थान :** नगर कार्यपालिकाको कार्यालय बहुअ(री पिडरी ४ पर्सा,
(३) आवेदन दस्तुर रु ५००।–(पाँच सय)
(४) **काम गर्ने स्थान :** नगरपालिकाले तोके अनुसार,
(५) **विदा तथा अन्य सुविधा :** नगरपालिकाले तोके बमोजिम हुने छ ।
(६) **छनौटको किसिम :** प्रारम्भिक कार्यको अनुभव, सुची प्रकाशन र मौखिक अन्तर्वाता बाट हुने छ ।
(७) **आवेदन साथ संलग्न कागजातहरु :** प्रशिक्षक, प्रशिक्षण गरेको प्रमाण पत्र पत्रको प्रतिलिपि १ थान,
(८) स्थानियबासीलाई विशेष प्राथमिकता दिने छ ।

**११ पद ईलेक्ट्रीसियन मिस्त्री.–१ जना)**
**१२ पद ईलेक्ट्रीसियन हेल्पर सहायक –१ जना)**
**१. आवश्यक न्यूनतम योग्यता र अनुभव,**
१.१ **आवश्यक न्युनतम योग्यता :–** साधारण लेखपढ ।
१.२ सम्बन्धीत कार्य गरेको प्रमाण पत्र (मान्यता प्राप्त संस्थाबाट) र कार्य अनुभव ।
१.३ **उमेर :** कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको
(२) **दरखास्त दिने स्थान :** नगर कार्यपालिकाको कार्यालय बहुअवरी पिडरी ४ पर्सा,
(३) आवेदन दस्तुर रु ५००।–(पाँच सय)
(४) **काम गर्ने स्थान :** नगरपालिकाको क्षेत्र भरी ।
(५) **विदा तथा अन्य सुविधा :** नगरपालिकाले तोके बमोजिम हुने छ ।
(६) **छनौटको किसिम :** प्रारम्भिक कार्यको अनुभव, सुची प्रकाशन र मौखिक अन्तर्वाता बाट हुने छ ।
(७) नगरपालिकामा कार्यरत कर्मचारीलाई विशेष प्राथमिकता दिने छ ।
(८) प्रशिक्षक, प्रशिक्षण गरेको प्रमाण पत्र पत्रको प्रतिलिपि १ थान,
(९) स्थानियबासीलाई विशेष प्राथमिकता दिईने छ ।

**९ आवेदन साथ संलगन कागजातहरु :** आवेदकले स्वयम प्रमाणित गरेको देहायका वमोजिमका प्रतिलिपिहरु
क न्युन्तम शैक्षिक योगताको प्रमाणपत्र
ख चरित्रिक प्रमाणपत्र
ग काम गरेको अनुभवको प्रमाणपत्र
घ नेपाली नागरीकताको प्रतिलिपि १ थान,
ङ ३ प्रति पासपोट साईज फोटो
**१० दरखास्त दिने अन्तिम मिति :** सुचना प्रकासन भएको मितिले १५(पन्ध्र) दिन भित्रमा उक्त दिन सार्वजनिक विदा भए सोको भोली पल्ट कार्यालय समय सम बहुदरमाई न.पा को कार्यालय बहुअरी पिडरी ४ पर्सा ।

**नोट :** यसमा उल्लेख नभएको कुराको हकमा वा कुनै त्रुटि भए प्रचलित कानुन र न.पा.को निर्णय अनुसार हुने छ र साथै रितपूर्वक पेश नभएका म्याद नाघी दर्ता हुन आएका दरखास्त उपर कुनै कारवही हुने छैन ।

**तिर्थराज पौडेल**
**प्रमुख प्रशासकिय अधिकृत**

Ankush Daily
अंकुश दैनिक

सम्मान र मान–मर्यादा भन्ने कुरा अरुले भन्दा आफैले राख्ने विषय हो । यो कसैले दिएर दिने, लिएर लिने र किनेर किनिने बजारको बिकाउ वस्तु अवश्य पनि होइन ।
– विचारसार र सूक्तिहरु

# कोरोनाको कहरमा कोहार जाति : माटाको भाँडा प्रोत्साहन गर्नुपर्ने माग

***मोहन पौडेल***
***परासी, १ मंसिर (रासस) :***

कोरोना भाइरस (कोभिड(१९) सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि सरकारले लागू गरिएको बन्दाबन्दीका कारण तराईका कोहार जाति नराम्ररी प्रभावित भएका छन् ।

माटाका भाँडा बनाउने पुख्यौंली पेशालाई निरन्तरता दिदैं आएका उनीहरुको भाँडा बिक्री नभएपछि जीविकोपार्जनमै समस्या भएको हो । भाँडा बनाएर बिक्री गर्न नपाउँदा उनीहरुको आम्दानी नै ठप्प भएको थियो । प्लाष्टिकका भाँडाको प्रयोग हुन थालेपछि माटाका भाँडाको बिक्रीमा कमी आएको बेला कोरोना महामारीले झनै सङ्कट उत्पन्न गराएको उनीहरु बताउँछन् ।

तिहार, छठ लगायतका पर्वहरुमा माटाका भाँडा बिक्री हुने भन्दै अहिले नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को पाल्हीनन्दन गाउँपालिका(५ गेरमाका कोहार समुदाय माटाका भाँडाकुँडा बनाउन व्यस्त छन् । सात/आठ महीनासम्म बिक्री गर्न नपाएपनि तिहार र छठ पर्वमा भाँडा बिक्री हुनेमा आशावादी रहेको ३० वर्षदेखि माटाको भाँडा बनाउँदै आउनुभएका गेरमाका राजकुमार कोहारले राससलाई बताउनुभयो ।

तिहार, छठ, विवाह, व्रतबन्धलगायत पर्व तथा सांस्कृतिक, धार्मिक कार्यमा माटाका भाँडाको प्रयोग हुँदै आएको भएपनि पछिल्लो पटक प्लाष्टिकका भाँडाको प्रयोग बढेपछि आफूहरुको रोजीरोटीमै समस्या भएको उहाँले बताउनुभयो । प्लाष्टिक भाँडा र विजुलीबाट चल्ने झिलीमिली बत्तिको प्रयोगले माटाका भाँडा बिक्री हुन छोडेपछि यो समुदाय समस्यामा परेको हो ।

सरकारले प्लाष्टिकका भाँडाको सट्टा माटाको भाँडालाई प्रोत्साहन गर्ने नीति ल्याउनपर्ने माग कोहार समुदायको छ । गेरमाको कोहार बस्तीका २५ वटै घरले परम्परागतदेखि नै माटाको भाँडा बनाउने पेशालाई संरक्षण गर्दै आएका छन् । “प्लाष्टिकका भाँडाले हाम्रो पेशा नै धरापमा पऱ्यो, सरकारले माटाको भाँडा प्रयोग गर्ने नीति ल्याउनुपर्छ, त्यसो गर्दा हाम्रो माटाको भाँडाको बिक्री बढ्ने र पेशा पनि सुरक्षित हुन्छ”, उहाँले भन्नुभयो । अहिले माटाको भाँडा बनाउने नयाँ नयाँ प्रविधि आएपनि आर्थिक अवस्था सुध्रन नसकेकाले घण्टौ लगाएर पुरानै प्रविधिबाट भाँडा बनाउदैं आएको राजकुमारले बताउनुभयो ।

विगतमा विभिन्न उत्सव, चाडपर्व, विवाह लगायतमा प्रयोग हुने माटाका भाँडा पछिल्लो पटक पूजापाठ तथा तिहार र छठ पर्वमा मात्र सीमित हुन पुगेको छ । युवा पुस्ताको यस पेशामा आकर्षण नहुँदा अहिले पनि बुढापाकाले नै माटाको भाँडा बनाउने कार्यमा संलग्न देखिन्छन् । माटोको भाँडाको बिक्री घटेको चिन्तासँगै यो समुदायलाई कच्चापदार्थको पनि अभाव खड्किएको छ । जङ्गल टाढा हुँदा दाउराको अभाव छ भने भाँडा बनाउन प्रयोग हुने माटो नजिकको पोखरी, तलाउबाट ल्याउने गरेकोमा पछिल्लो समय माछापालन लगायतका लागि ठेक्कामा जान थालेपछि माटो पाउन पनि मुस्किल भइरहेको स्थानीयवासी वृजलाल प्रजापतिले बताउनुभयो । “कच्चा पदार्थ किन्नका लागि महङ्गो मूल्य तिर्नुपरेको छ”, उहाँले भन्नुभयो, “दाउरा, माटो पाउन मुस्किल भइसक्यो, भाँडा बनाएपनि बिक्री

***बाँकी तेस्रो पेजमा***

# धान उत्पादन बढ्यो

***म्याग्दी, १ मसिर (रासस) :***

म्याग्दीमा यस वर्ष प्रमुख खाद्यबाली धानको उत्पादन बढेको छ । गत वर्षको तुलनामा दुई प्रतिशतले धान उत्पादन बढेको कृषि ज्ञान केन्द्रले जनाएको छ । पर्याप्त वर्षाका कारण सिँचाइ सुविधा भएको, समयमै रोपाइँ भएको र खेतीको क्षेत्रफल विस्तारसँगै उत्पादन बढेको कार्यालयका कृषि प्रसार अधिकृत गोविन्द पाण्डेले बताउनुभयो ।

गत वर्ष तीन हजार ९०१ हेक्टर क्षेत्रफलमा खेती हुँदा १३ हजार ३६० मेट्रिक टन धान उत्पादन भएको थियो । यस वर्ष तीन हजार ९२५ हेक्टरमा १३ हजार ६२६ मेट्रिक टन धान उत्पादन हुने अनुमान गरिएको कृषि प्रसार अधिकृत पाण्डेले बताउनुभयो ।

पहिरो, बाढी र कटानले क्षति गरेकाले धान उत्पादन अपेक्षाकृत हुन नसकेको उहाँको भनाइ छ । प्राकृतिक प्रकोपका कारण तीन प्रतिशत उत्पादन प्रभावित भएको अनुमान छ । यस वर्ष वैशाख(जेठ महिनादेखि नै वर्षा भएकाले कृषकले समयमै धान रोपाइँ गर्न पाएका थिए ।

लकडाउनमा फुर्सदिला भएका कृषकहरुले बाँझो खेतमा पनि रोपाइँ गरेकाले क्षेत्रफल बढेको हो । नियमित वर्षा भएकाले सिँचाइ सहज भएको थियो । रोगकिराको समस्या नदेखिएको र भित्र्याउँदाको समय पनि अनुकूल भएको छ । विगतका वर्षमा मजदूरको अभावका कारण खेतीबाली लगाउन र भित्र्याउन समस्या हुने गरेको थियो । अध्ययन, रोजगारी र व्यापार व्यवसायका लागि शहरी क्षेत्रमा गएकाहरु लकडाउनपछि गाउँ फर्किएकाले खेतीबाली लगाउन र भित्र्याउन सजिलो भएको कृषकले बताएका छन् ।

असी प्रतिशत कृषकले धान भित्र्याइसकेका छन् । म्याग्दीमा गौरी, जेठो बुडो, जर्नेली, पहेँले, मार्सि, ताकमारे, भट्टे र छमरुङ, माछापुच्छ्रे, अन्नपूर्ण ३, खुमल ४, खुमल १०, लुम्ले २ लगायतका उन्नत जातका धान खेती हुने गर्छ । लेकाली क्षेत्रका कृषकले भिरालो जमीनमा गर्न सकिने र सिँचाइ आवश्यक नपर्ने घैया जातको धान खेती हुन्छ ।

सलह, फौजीकिरा, हावाहुरी र बाढी पहिरोका कारण मकै उत्पादन भने प्रभावित भएको छ । गत वर्षको तुलनामा १६० मेट्रिक टन मकै उत्पादन घटेको कृषि ज्ञान केन्द्रले जनाएको छ । म्याग्दीमा ६ हजार ७३३ हेक्टर क्षेत्रफलमा मकै खेती हुन्छ । गत वर्ष तीस हजार २६० मेट्रिक टन मकै उत्पादन भएकोमा यसपालि ३० हजार मेट्रिक टन मात्र उत्पादन भएको छ । फौजी र सलह किराको प्रकोपका कारण मकै उत्पादन घटेको हो । मकै म्याग्दीमा सबैभन्दा धेरै खेती हुने खाद्यबाली हो । अर्को खाद्यबाली कोदो भित्र्याउन भने शुरु भएको छ ।

विद्युतीकरण योजना अलपत्र

धवलागिरि गाउँपालिका(४ मुदीमा सञ्चालित विद्युतीकरण योजना अलपत्र परेको छ । मुदी र खाम्लामा विद्युतीकरण गर्न सञ्चालित योजना नेपाल विद्युत प्राधिकरणको बेनी वितरण केन्द्रको बेवास्ता तथा निर्माण

***बाँकी तेस्रो पेजमा***

# कोभिडको मारमा नेपाली पत्रकार

***कालिका खड्का***
***काठमाडौँ, १ मंसिर (रासस) :***

“दिनरात नभनी दुःख गरेँ, कहिलेकाहीँ त पत्रिकाको काम सकेर घर पुग्दा बिहानको चार पनि बज्थ्यो” अन्नपूर्णपोष्ट दैनिकका पत्रकार गोविन्द देवकोटाले सुनाउनुभयो, “खाइनखाई काम गरियो, विपद् आएपछि झन् हामीमाथि त अर्को विपद् पो आइलाग्यो” पत्रकार देवकोटाले आक्रोस पोख्नुभयो । उहाँको माग त्यति ठूलो छैन । भन्नुहुन्छ ‘‘काम गरेको हिसाब किताब गरिदिनुस, हामी घर जान्छौँ ।’’ उहाँको त्यही माग पनि पूरा भएको छैन ।

समाचार सम्पादनमा काम गरिरहेका देवकोटालाई कोरोनाको कहरमा समाचार सङ्कलन शाखाको विशेष व्युरोमा सरुवा गरियो । त्यहाँ आएको एक महिना नबित्दै मनाङ सरुवा गरियो । तलब पाउनु त कहाँ हो कहाँ मानसिक यातना शुरु भयो भन्नुहुन्छ उहाँ । कोरोनाको महामारीका बेला अग्रस्थानमा रहेर काम गरेको पारिश्रामिक मागेपछि पत्रकार देवकोटालाई आर्थिक तथा मानसिक यातानाको चरण शुरु भयो । “डेरा भाडा तिर्नुपऱ्यो, आफुले बिहान बेलुकाको छाक पनि टार्नुपऱ्यो” पत्रकार देवकोटाले आफ्नो पीडा सुनाउदै भन्नुभयो, “एकै महिनामा दुई ठाउँ सरुवा गरेपछि हटाउन खोजेको मैले बुझेको छु त्यसैले काम गरेको हिसाब गरिदिनुस भन्ने मात्रै माग हो ।”

उहाँलाई सरुवा गरिएको मनाङमा कार्यालय छैन र स्रोतसाधन पनि केही छैन । देवकोटाले आफूलाई जागिरबाट हटाउन लागेको भन्ने प्रष्ट अनुभूति भएपछि काम गरेको तलब माग्नुभएको हो । “कोभिडको महामारी हाम्रा रोजगारदाताको लागि एउटा बलियो बहाना भयो” पत्रकार देवकोटाले थप्नुभयो, “मनाङ जिल्लामा सरुवा भयो, म सम्पादनमा काम गरेको मान्छे, त्यहाँ काम गर्ने कार्यालय पनि थिएन, म बाहिरिन्छु भनेर श्रम ऐनअनुसार हिसाब मागेँ तर अहिलेसम्म पाएको छैन ।” पत्रकार देवकोटालाई जिल्लामा सरुवा भएपछि जागिर निरन्तर रहन्छ भन्ने विश्वास थिएन । उहाँले जिल्लामा काम गर्ने पत्रकारको पीडा सुनाउँदै भन्नुभयो, “सबै जिल्लाका समाचारदातालाई स्टिङ्गर बनाएका छन्, त्यो पनि चैतदेखि अहिलेसम्म तलब दिएका छैनन्, के आशाले म काम गर्न मनाङ जाउँ, पारिश्रामिक लिएर जागिर छोडने निधो गरेँ ।” तर पत्रकार देवकोटाले अहिलेसम्म तलब पाउनुभएको छैन । कानूनी लडाइँ लडेर पनि काम गरेको पारिश्रामिक लिने तयारी उहाँको छ । प्रेस रजिष्ट्रार कार्यालयमा उजुरी पुगेको छ । न्याय पाइएला/नपाइएला तर एउटा प्रणालीको विकास होस भन्ने पत्रकार देवकोटाको धारणा छ ।

कोरोनाको कहरमा काम गरेको पारिश्रामिक समेत नपाएर जागिरबाट हात धुनु परेका व्यक्ति पत्रकार देवकोटा एक्लो भने हुनुहुन्न । काठमाडौँमा चलेको पत्रिकामा काम गर्ने अर्को एक महिला पत्रकार (नाम नखुलाउने सर्तमा) को पनि पीडादायी अनुभव उस्तै छ । काम गऱ्यो तर तलब पाइँदैन, अब कसरी कम गर्नु ? “दिनभर काम गऱ्यो तर पर्वका बेलासम्म तबल पाइएन, भदौ महिनादेखि तलब पाएको छैन, विरोध गरौँ भने महामारीको बेला जागिरै जाने डर छ,”( उहाँले थप्नुभयो, “दशैँको बेलामासम्म तलब पनि पाइएन, सरकारले बनाएको कानून त सञ्चारगृहले लागू गनुपऱ्यो नि □” विपद्मा अग्रस्थानमा रहेर खट्ने पत्रकारको पीडा धेरैको यस्तै छ । तलबका लागि लडौँ या यत्तिकै चुप लागेर बसौँ ? बिना पैसा कति दिन काम गर्ने भन्ने अन्यौल कायमै छ । तर पनि काम छाड्न मन भने लागेको छैन ।

कोरोनाको कहरमा यस्ता समस्या बढ्दै गएको छ । कान्तिपुरमा काम गर्ने पत्रकार मधुसुदन भट्टराईको पीडा पनि फरक छैन । कान्तिपुर दैनिकले काम गर्दागर्दै महामारीका कारण पत्रकार भट्टराईलाई वैशाख ८ गतेबाट घरमा बस्न भनिदियो । “कान्तिपुरले अहिलेको परिस्थितिमा अप्ठ्यारो छ, वैशाख महिनाभरी घरमा बस्नु भन्यो, कात्तिक सकिन लाग्दा पनि वैशाख सकिएको छैन”( उहाँले आफ्नो पीडा सुनाउदै भन्नुभयो, “दुःखमा साथ पाइएला भनेर काम गऱ्यो, सहयोग गर्नुपर्नेमा उल्टै घरमा बस्न भनियो, १६ वर्ष वोनस बाँडेको संस्थाले एक महिना बन्दाबन्दी हुँदा धान्न नसक्ने खालको हुदैन” उहाँलाई सामान्य कर्मचारीलाई निकालेर श्रमजीवीमाथि आफ्नै संस्थाले अन्याय गरेको महसुस भएको छ । “श्रमजीवीमाथि घोर अन्याय भएको छ, कानूनी लडाइँमा जान्छौँ, त्यत्तिकै छोड्दैनौँ”( उहाँले सुनाउनुभयो, “विपद्मा कर्मचारी निकाल्ने मिडियाका मालिकलाई मजदुरको आँशु लाग्नेछ ।” उहाँले वैशाखमा आधाभन्दा कम तलब पाउनुभयो त्यसयता केही पाउनुभएको छैन । कोरोनाको महामारीमा आफ्नो घर

***बाँकी तेस्रो पेजमा***

# पर्यटकको रोजाइमा भेरी “कोरिडोर”

***हेमन्त केसी***
***जाजरकोट, १ मंसिर (रासस) :***

भेरी नदीको तीरैतीर नागबेली छ सडक । बीचबीचमा साना बजार र कतै झरनाहरु पनि । कत्तै छाँगो परेको भेरी छ त कतै त्यसमा मिसिएका सहायक नदीहरुले बनाएका झरनाहरु पनि निकै आकर्षक देखिन्छन् । भेरी किनारको यात्रामा यहाँको सौन्दर्यको बयान जती गरेपनि कमै हुन्छ ।

भेरी करिडोर हुँदै सल्यानको कुपिण्डे तालमा डुङ्गा सयर र छेडागाडका माछाले भोक मेटाउँदै २०० वर्ष पुरानो जाजरकोट दरबार अवलोकन आन्तरिक पर्यटकको आजभोलिको दैनिकै हो । जाजरकोट सदरमुकाम हुँदै पारि जगतीपुर, मध्यपहाडी लोकमार्ग जोडिने खेतीयोग्य जमिनसँगै रुकुम पश्चिमको सिस्ने हिमालसमेत अवलोकन गर्न सकिन्छ । सदरमुकामदेखि १६ किलोमिटर पूर्वमा रहेको रिम्ना दोभान, सानीभेरी र ठूलीभेरीको संगमस्थलहुँदै रुकुम पश्चिम एवं जाजरकोट पूर्वी क्षेत्रमा प्रवेश गरी विभिन्न गल्छीहरु अवलोकन गर्न सकिन्छ ।

आन्तरिक तथा बाहृय पर्यटकहरु हिजोआज यीनै रमणीयस्थलको यात्रा गर्न पाउँदा निकै खुशी देखिन्छन् भन्नुहुन्छ नलगाड उद्योग बाणिज्य संघ जाजरकोटका अध्यक्ष कर्णबहादुर खत्री । उहाँले भन्नुभयो, “नजिकको तीर्थ हेला भनेझैँ हामी खास महत्व दिदैनौँ तर यहाँ के छैन र ? हामीले भएका संरचना र बस्तुलाई सही रुपमा संरक्षण गर्न सकेमा स्वर्ग यहीँ छ ।”

भेरी कोरिडोरले डोल्पाको सदरमुकामसम्म कच्ची कटानसँगै यातायातका साधन सञ्चालनमा आएपछि यहाँको महत्व हृवात्तै बढेको सडक निर्माण कार्यदलका प्रमुख विश्ववन्धु पहाडीले बताउनुभयो । उहाँले भन्नुभयो ,“सेनाले ज्यानको प्रवाह नगरी निर्माण गरेको यो सडक तीन देशको मुख्य राजमार्ग हो । सेनाले आफ्नो जिम्मेवारी पूरा गरेको छ, अब सडक विभागले यसको देखदेख गर्नेछ । यो सडक निर्माण गर्दा थुप्रै खुशी तथा पीडाहरु सम्झना बनेर बसेका छन् ।” करिब ११८ किलोमिटर सडक जाजरकोटदेखि डोल्पाको दुनैसम्म रहेको छ । यो सडक भेरी नदीको किनारै किनार दर्जनौँ पुल पुलेसा तर्दै दुनै पुगिन्छ । बाटोमै जङ्गली जनावारहरुको अवलोकन समेत गर्न सकिन्छ ।

शेफोक्सुण्डो राष्ट्रिय निकुञ्ज माथि छ र प्राचीनकालमा निर्माण भएका गुम्बाका साथै लोपोन्मुख भाषा काइके (काइके गाउँ) समेत यही रुटका नागरिक बोल्ने गर्दछन् । विश्वको अग्लो ठाउँमा रहेको धो उपत्यकाका साथै शे गुम्वा, फोक्सुण्डो ताल समेत यहाँका मुख्य आकर्षण हुन् । दर्जनौँ हिमालय रहेको उपल्लो डोल्पामा ६ महिना हिउँले ढाक्ने गर्दछ । बहुमूल्य जडीवुटीको भण्डार रहेको यहाँ सवैको आम्दानीको मुख्य स्रोत समेत यही हो । अहिले यो ठाउँमा पर्यटकको ठूलो भीड लाग्ने गरेको छ । निकुञ्जका प्रमुख सरोजमणि पौडेलका अनुसार पछिल्लो समय संरक्षणका कामले राम्रो गति लिएको छ । यहाँका सम्पदा संरक्षण गरेमात्र दीगो विकास र अर्को पुस्तालाइ नासो समेत राख्न सकिन्छ भन्ने मानसिकतामा पनि यहाँ विकास भएको छ ।

कर्णाली प्रदेशको हिमाली जिल्ला डोल्पा प्राकृतिक रुपमा जती सुन्दर छ, त्यतिकै रुपमा यहाँको बसाइ भने कठिन छ । छिमेकी मूलक चीनसँग सिमाना जोडिएको डोल्पा भूगोलका हिसावले नेपालकै ठूलो जिल्ला हो । निकै कम उत्पादन हुने यस जिल्लाले बढी मात्रामा खाद्यान्न आयात गर्ने गर्दछ । प्राकृतिक रुपमा पाइने औषधि र जडीवुटीको भण्डारको रुपमा स्थापित यो जिल्लाका सर्वसाधारणहरु हिउँदमा चिसोबाट ज्यान जोगाउन गाउँ छोडेर तल्लो भेगमा झर्ने गर्दछन् भने चैत महिनादेखि वर्षायाममा उपल्लो डोल्पामा बस्छन् । भूगोलमा हिसावले उपल्लो डोल्पा, मध्यडोल्पा र तल्लो डोल्पा गरी तीन भागमा विभाजन गरिएको छ ।

यहाँका सबै प्रशासकीय केन्द्रहरुमध्ये डोल्पामा पर्दछन् । उपल्लो डोल्पामा चिसो भू(भाग मात्र होइन आम्दानीको हिसावले बहुमूल्य यार्सागुम्वादेखि भारी जडीवुटीहरुको भण्डार नै रहेको छ । पर्यटकीय गन्तव्यका हिसावले उपल्लो डोल्पा नै आकर्षणको केन्द्र मानिन्छ । शेफोक्सुण्डो तालदेखि निकुञ्जको अधिकांश भाग उपल्लो डोल्पामा पर्दछ । झट्ट हेर्दा दुनियाँको आँखामा अति आकर्षक सेताम्य हिमालहरु पनि उपल्लो डोल्पामा नै पर्दछन् । भोट क्षेत्रका रुपमा पनि परिचित उपल्लो डोल्पामा अधिकांश जनजाति समुदायका वौद्धमार्गीको बसोबास रहेको छ । पुस्तौँ पुराना गुम्वा र प्राचीन महत्वका मूर्तिहरुले उपल्लो डोल्पाको खास पहिचान दिलाउने गर्दछ ।

***बाँकी तेस्रो पेजमा***

# कोभिड-१९ ले “सुनकोशी-तेस्रो”को प्रक्रिया धकेलियो

***राजकुमार पराजुली***
***काभ्रेपलाञ्चोक, १ मंसिर (रासस) :***

कोभिड(१९ कारण सुनकोशी(तेस्रो जलाशययुक्त विद्युत् आयोजना निर्माण प्रक्रिया धकेलिएको छ । परियोजनाको मापदण्ड तथा कार्यविवरण प्रतिवेदन (टीओआर) प्राविधिक काम सकिएलगत्तै नेपालमा कोरोना भाइरस्को उच्च जोखिम बढेसँगै यसको थप प्रक्रिया रोकिएको हो । एक नेपाली र एक चिनियाँ परामर्शदाताले सुनकोशी(तेस्रोको टिओआर भने गत साल माघमै विद्युत् विकास विभागलाई बुझाइसकेका छन् । टिओआरमा प्राविधिकतर्फ ‘इन्टेरियर डिजाईन’देखि सर्वेसम्मको काम सकिएको उल्लेख गरिएको छ । टिओआरको कामलगत्तै वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए)को काम रोकिएपछि कोरोना भाइरस्का कारण परियोजनाको थप काम हुन नुसकेको विभागका इन्जिनियर सुवास थपलियाले बताउनुभयो । उहाँका अनुसार स्वास्थ्य(सुरक्षाका कारण इआइएका लागि वन तथा वातावरण मन्त्रालयलाई समेत परियोजनाबारे ‘ब्रिफ्रिङ’ गर्न सकिएको छैन ।

प्रतिवेदनमा आयोजनाबाट प्रत्यक्ष एवं अप्रत्यक्ष प्रभावित घरपरवार तथा क्षेत्र र प्रभावितलाई कुन आधारमा के कस्तो व्यवस्था गर्न सकिन्छ तथा क्षतिपूर्तिलगायत विषयसमेत उल्लेख भएको थपलियाले जानकारी दिनुभयो । उहाँका अनुसार ऊर्जा, जलस्रोत तथा सिचाइँ मन्त्रालय र वन तथा वातावरण मन्त्रालयद्वारा संयुक्त रुपमा सुनकोशी(३ जलविद्युत् आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए)का लागि क्षेत्र निर्धारणका लागि गत साल कात्तिक पहिलो सातादेखि प्रक्रिया शुरु गरिएको थियो । त्यतिबेला नै आयोजनाबाट प्रभावित पर्न सक्ने जिल्ला, नगरपालिका तथा गाउँपालिका र वडास्थित त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी, सरोकारवाला व्यक्ति तथा सङ्घसंस्थाबाट सुझावसमेत मागिएको थियो ।

परियोजनाअन्तर्गत वागमती प्रदेशअन्तर्गत काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रामेछाप र सिन्धुलीको सिमाना भएर बग्ने सुनकोशी नदीमा काभ्रेपलाञ्चोकको तेमाल गाउँपालिका(९ को सिमाना र रामेछापको खाँडादेवी गाउँपालिका(१ लुभूघाटमा विद्युत् आयोजनाको बाँध निर्माण प्रस्ताव गरिएको छ । प्रस्तावित आयोजना सुनकोशी(३ बाट ५३६ मेघावाट विद्युत् उत्पादन हुनेछ ।

***बाँकी तेस्रो पेजमा***

# अन्तरराष्ट्रिय समाचार

## आसियान, चीन र अरू साझेदार बीच व्यापार सम्झौतामा सहमति

*भियतनाम, १ मंसिर (रासस(एपी) :*

चीन र १४ अरु देशहरूबीच आइतबार विश्वकै सबैभन्दा ठूलो व्यापारिक साझेदारी गर्ने सम्बन्धी एउटा सहमति भएको छ। यो समूहसँग विश्वकै एक तिहाई आर्थिक गतिविधि हुने गरेको छ।

क्षेत्रीय वृहत आर्थिक साझेदारी ( आरसेप) सहमतिमा आइतबार भर्चुअल बैठकबाटै हस्ताक्षर भएको छ । दक्षिणपूर्वी एसियाली संगठन ( आसियान) को वार्षिक सम्मेलनका अवसरमा उक्त सहमतिमा हस्ताक्षर भएको हो ।

सम्मेलन आयोजक समितिका अध्यक्ष राष्ट्र भियतनामका प्रधानमन्त्री नुहेन झुआन फुकले विगत आठ वर्षदेखिको कडा प्रयत्नपछि आरसेपमा हस्ताक्षर भएकामा आफूलाई निकै खुशी लागेको बताउनुभयो ।

विश्वकै सबैभन्दा ठूलो स्वतन्त्र व्यापार सम्झौता मानिएको आरसेपले बहुपक्षीय व्यापार प्रणाली आजको आवश्यकता रहेको फेरि पुष्टी गरेको प्रधानमन्त्री फुकले बताउनुभयो । उहाँले यस सम्झौताबाट दिगो व्यापार सहजीकरणलाई सक्षम तुल्याउने, कोभिड(१९ का कारण छिन्नभिन्न भएको आपूर्ति प्रणालीलाई पुनर्जीवित तुल्याउने तथा महामारी पश्चातको आर्थिक पुनरुत्थानका लागि सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो ।

*बाँकी अन्तिम पेजमा*

## बंगलादेशमा कोभिडको संक्रमण बढ्दो, छ हजारभन्दा बढीको मृत्यु

*ढाका, १ मङ्सिर (रासस/सिन्हुवा) :*

बंगलादेशमा पनि पछिल्लो समयमा कोभिड १९का संक्रमितहरू बढ्दै गएको बताइएको छ ।

बंगलादेशमा आइतबार मात्र १ हजार ८३७ जना संक्रमित भेटिएका बताइएको छ । बंगलादेशमा शुरुमा कोभिडका संक्रमित नदेखिएको भए पनि अहिले बढ्दै गएका छन् ।

यहाँ अहिलेसम्म ४ लाखभन्दा बढी संक्रमित भएका छन् । बंगलादेशमा आइतबारसम्म ४ लाख ३२ हजार ३३३ जना संक्रमित भएका छन् । यहाँका ३ लाख ४३५ जना संक्रमित निको भएका छन् । बंगलादेशको स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार यहाँ १.३४ प्रतिशत नागरिकको मृत्यु भएको छ ।

बंगलादेशको स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार यहाँका नागरिकमा निको हुने दर ८०.८५ प्रतिशत रहेको पनि बताएको छ ।

बंगलादेशका अधिकारीहरूले पछिल्लो समयमा यहाँ कोभिड संक्रमितहरूको संख्या बढ्दै गएको बताएका छन् ।

अधिकारीहरूले यहाँका संक्रमितहरूको निको हुने दरमा पनि बृद्धि हुदै गएको पनि बताएका छन ।

## बिहारको मुख्यमन्त्रीका रुपमा नितिश कुमारको लगातारको चौंथो कार्यकाल सुरु

*नयाँ दिल्ली, १ मङ्सिर ( रासस/एएनआई) :*

भारतको विहार प्रदेशको मुख्यमन्त्रीका रुपमा नितिश कुमारले लगातार चौथो कार्यकालको शुभारम्भ गर्नुभएको छ ।

जनता दल युनाइडेटका अध्यक्ष समेत रहनुभएका नितिश कुमारले सोमबार सपथ ग्रहण गरेर कार्यकाल सुरु गर्नुभएको हो । उहाँको अहिलेको लगातारको कार्यकाल चौथो पटक भएपनि मुख्यमन्त्री भने उहाँ सातौ पटक हुनुभएको छ ।

सपथग्रहण समारोहमा केन्द्रीय गृह मन्त्री अमित शाह, भारतीय जनता पार्टीका अध्यक्ष जगत प्रकाश नन्दालगायतका विशिष्ट व्यक्तिहरु सहभागी हुनुभएको थियो ।

उहाँले आफ्ना उप मुख्यमन्त्रीका रुपमा भारतीय जनता पार्टीका तार्किशोर प्रसाद र रेणु देवीलाई नियुक्त गर्नु भएको छ । उनीहरुलाई पनि आजै सपथ ग्रहण गराइएको छ ।

प्रदेश संसदमा प्रमुख प्रतिपक्षी दलको रुपमा रहेको राष्ट्रिय जनता दल ( आरजेडी)ले भने सपथ ग्रहण समारोह बहिस्कार गरेको छ ।

आरजेडीको सामाजिक सञ्जाल ट्वीटरमा लेखिएको छ, “जनताको अभिमत एनडीएका विरुद्धमा थियो, तर सरकार त्योभन्दा उल्टो पक्षबाट बनाइयो, त्यसैले हामीले सपथ ग्रहण समारोह बहिस्कार गरेका हौं ।” हालै भएको निर्वाचनमा प्रधानमन्त्री नरेन्द्र

*बाँकी अन्तिम पेजमा*

## अमेरिकी राष्ट्रपति ट्रम्पद्वारा बाइडेनको ‘जित’ सङ्केत गर्ने शब्दको पहिलो पटक प्रयोग

*वासिङ्टन, १ मङ्सिर ( रासस/एपी) :*

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले प्रतिस्पर्धी जो बाइडेनले औपचारिक रूपमा निर्वाचन जितेको आशय पहिलो पटक प्रकट गर्नुभएको छ ।

निर्वाचनको नतिजा सार्वजनिक भएर बाइडेन निर्वाचित भएको सर्वत्र स्वीकार्दासमेत जितलाई अस्वीकार गर्दै आउनुभएका ट्रम्पले आइतबार सामाजिक सञ्जाल ट्वीटर मार्फत यस्तो आशय प्रकट गर्नु भएको हो ।

उहाँले निर्वाचनमा धाँधली भएकाले बाइडेनले जितेको भनिएको आशय व्यक्त गर्दै आफ्नो दावीबाट भने आफु पछाडि नहटेको उल्लेख गर्नुभएको छ । बाइडेनको नाम उल्लेख नगरी उहाँले “उहाँले जितेको” भन्ने शब्दावलीको प्रयोग गर्नुभएको छ । उहाँको यो लेखाइलाई बाइडेनको जितलाई स्वीकार्नु पर्ने बाध्यतालाई ट्रम्पले महसुस गरेको रुपमा बुझिएको छ ।

उहाँले लेख्नुभएको छ, “उहाँले झुट सञ्चार माध्यमको आँखामा मात्रै जित हासिल गरेको हो, निर्वाचनमा धाँधली भएको छ, अत्यमा हामीले नै जित्ने मलाई विश्वास छ, हामी धेरै टाढा जानुछ ।”

उहाँले राष्ट्रपतीय निर्वाचनमा आफूले हारेको नमान्ने दोहोऱ्याउनु भएको छ । जबकि गत शुक्रवार पनि निर्वाचन आयोगका अधिकारीहरूले अमेरिकी इतिहासमै सुरक्षित निर्वाचन भएको र कुनै मत मेटिएको वा हराएको वा परिवर्तन भएको वा अन्य कुनै गडबड भएको प्रमाण नभेटिएको बताएका थिए ।

ट्रम्पले केही राज्यहरूमा भएको निर्वाचनमा धाँधली भएको भनेर केही ठाउँमा निवेदन पनि गर्नुभएको थियो

*बाँकी अन्तिम पेजमा*

## कोरोनाको कहर.....

घट्यो, कहिलेकाँही पूजापाठमा मात्र बिक्री हुन्छ, त्यसैले हामी युवाले यो पेशालाई अगाडि बढाउन सकेका छैनौँ”

यहाँ बनाइने माटाका भाँडाको मूख्य बजार सदरमुकाम परासीसहित सुनवल, बर्दघाट, भूमही र रुपन्देही हो । तर कोरोना भाइरस सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि लामो समयसम्म भएको बन्दाबन्दीका कारण माटाको भाँडा बनाउन र बिक्री गर्न नपाएको ७० वर्षीय धनमति कोहारको गुनासो छ । “जन्मेदेखि नै यही पेशा गर्दै आइयो, हाम्रो त खेतीपाती पनि छैन, मुख्य पेशा नै यही हो, बल्ल बल्ल घर खर्च चलाइरहेका छौँ, भाँडा विक्री हुन छाडिसक्यो, कसरी जीविकोपार्जन गर्ने भन्ने चिन्ता लागिरहन्छ”, काँचो माटो मुछ्दै उहाँले भन्नुभयो । प्लाष्टिकका भाँडासँग प्रतिस्पर्धा गर्न नसक्दा आधा मूल्य घटाएर भएपनि बेच्नुपरेको ५० वर्षदेखि यो पेशालाई निरन्तरता दिदैं आउनुभएका अर्का स्थानीयवासी दरिया कोहारको भनाइ छ । उहाँले भन्नुभयो, “मुलुकमा भएको बन्दाबन्दीका कारण हामीले भाँडा नै बेच्न पाएनौँ, अब दीपावलीमा केही बिक्री हुन्छ की भन्ने आश छ ।”

माटोका भाँडा बिक्री घटेपछि चाडपर्व कसरी मान्ने भन्ने चिन्ता पनि यो समुदायमा देखिएको छ । कच्चा पदार्थको अभाव, बिक्री वितरणामा कमी, युवापुस्ताको आकर्षण नहुनु जस्ता कारणले यो पेशाबाट पलायन हुने क्रम बढ्न थालेको भन्दै पाका पुस्ता चिन्तित छन् । जिल्लाका विभिन्न स्थानमा माटाका भाँडा बनाउने गरिएकोमा अहिले सीमित ठाउँमा मात्र यो पेशालाई निरन्तरता दिइएको छ । अहिले पनि कतिपय संस्कारमा माटाकै भाँडाको प्रयोग गरिने भएकाले आफूहरु संरक्षण गर्दै आएको कुस्मावती कोहारको भनाइ छ ।

तराईका कोहार समुदायमा माटोका कलश, गमला, भुड्की, दीयो, गाग्री दियोलगायत भाँडा बनाउने पुर्ख्यौली पेशा पुस्तौदेखि हस्तान्तरण हुँदै आएपनि पछिल्लो पटक युवामा आकर्षण नदेखिदाँ यो पेशालाई कसरी निरन्तरता दिने भन्ने चिन्ता देखिएको छ । यो पेशा लोप हुन नदिन स्थानीयदेखि सङ्घीय सरकारले बेलैमा ठोस अभियान र नीति ल्याएर कार्यान्वयन गर्नुपर्नेमा उनीहरुको जोड छ ।

तिहारको समयमा माटाका पालाको व्यापार धेरै हुने गरेको छ । तर, यसपटक कोभिड(१९ का कारण माग घटेको छ । माटाका भाँडाको माग घटेको भन्दा पनि माटो नपाउने समस्या ठूलो भएको उनीहरुको भनाइ छ । कोहार समुदायले अँगाल्दै आएको यो पेशा निकै पुरानो हो । त्यसैले यो पेशालाई बचाइराख्नुपर्ने देखिन्छ । तर, परम्परागत पेशालाई बचाउनका लागि आफूहरूले भन्दा सरकारले नै पहल गर्नुपर्ने माग धनमति कोहारको छ ।

## कोभिडको मार....

परिवार अनि छरछिमेकको पर्वाह नगरी काम गर्न सडकमा निस्किए पत्रकार । यो बाहिर जान्छ, योबाट हामी जोगिनुपर्छ भन्ने लाग्दथ्यो समाजमा । परिवारमा पनि त्रास हुँदाहुँदै काम गरेका पत्रकारले तलब पाएका छैनन् । काम गरे बापतको पारिश्रामिक पाउन आन्दोलन गर्नुपर्ने, तलब मागे सरुवा गेरेर धेरै टाढा पठाउनेजस्ता धेरै समस्या भोग्नुपर्ने बाध्यता धेरै पत्रकारको छ । तलब नदिने, घरमै बस पछि बोलाउँछु भनेर महिनौँसम्म नबोलाउने गर्दा पत्रकारलाई आर्थिक र मानसिक रुपमा निकै तनाब भएको छ । यी तीन पत्रकारका प्रतिनिधि पात्र मात्रै हुन् । यस्ता पीडा बोकेका पत्रकार अहिले अहिले सञ्चार क्षेत्रमा धेरै छन् ।

महामारीका बेलामा महिला र पुरुष पत्रकारलाई उस्तै पीडा छ । तर घर व्यवहार सबै मिलाएर काममा निस्कने महिला पत्रकार पनि त्यतिकै प्रभावित बनेका छन् । परिवालाई खाना तयार गर्ने, त्यसका लागि आवश्यक व्यवस्थापन गर्नेदेखि लिएर बच्चाको अनलाइन कक्षामा बसिदिनेसम्मको काममा महिला नै खट्नुपर्ने अवस्था छ । यस्ता धेरै कारणले गर्दा महामारीमा महिला पत्रकार अझ बढी प्रभावित भएका छन् ।

एड्भोकेसी मिडिया ग्रुपका पूर्व अध्यक्ष बबिता बस्नेको अनुभवमा महिला पत्रकारलाई निकै मार परेको छ । सबैतिरको व्यवस्थापन गर्दा व्यावसायिक रुपमा महिला मारमा परेका छन् । “घर परिवारको दायित्वले पनि महिलालाई बढी असर परेको छ, बच्चा अनलाइन कक्षा महिलाको जिम्मा, महामारीका बेलामा बाहिर निस्कदा पनि मनसिक त्रास पनि बढी महिलामा छ” उहाँले आफ्नो अनुभव सुनाउँदै भन्नुभयो, “स्वतन्त्र रुपमा महिला पत्रकारले काम गर्न पाएका छैनन्, त्यसमा पनि जागिर गुम्यो, रोजीरोटी पनि गुम्यो ।” उहाँले जसले मल्टिमिडिया राम्रोसँग जानेको छ, ती व्यक्तिलाई महामारीले खास असर नगरेको तर प्राविधिक पक्ष बलियो नहुने पत्रकार मारमा परेका बताउनुभयो ।

नेपाल पत्रकार महासंघको तथ्याङ्कअनुसार अहिले नेपालका ५७५ पत्रकारको रागेगारी गुमेको छ । काम गरेबापत ७०० पत्रकारले तलब पाएका छैनन् । जुनसुकै समयमा पनि अगाडि सरेर काम गर्नुपर्ने पत्रकारलाई कोभिडको जोखिम पनि त्यतिकै छ । कोभिडबाट हालसम्म ४५० जना पत्रकार सङ्क्रमित भइसकेका छन् भने पाँच जनाको मृत्यु भएको छ । तर यस्तो जोखिमकै अवस्थामा पनि पत्रकारले आफ्नो धर्म छाडेका छैनन् ।

नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्य कोभिडको मारमा सञ्चार गृह र सञ्चार गृहमा कामगर्ने पत्रकारलाई बढी प्रभावित भएको बताउनुहुन्छ । “कोभिडको बाहाना बनाएर श्रमजीवी पत्रकारलाई आर्थिक, मानसिक रुपमा प्रभाव पार्ने काम भएको छ”, अध्यक्ष आचार्यले भन्नुभयो, “स्थलगत रुपमा नै कामगर्ने पत्रकारको स्वास्थ्यमा पनि प्रभाव परेको छ, सङ्क्रमण दर पनि पत्रकारमा बढी छ ।”

राज्य, राज्यका संरचना र समाजका राम्रा कामलाई उहाहरणका रुपमा बाहिर ल्याउने र नराम्रा कामलाई गल्ती गरेको उजागर गर्ने पत्रकारलाई महामारी निकै कष्टकर बनेको छ । काम गरेबापत पैसा नपाउने भएपछि धेरै पत्रकार पेशाबाट पलायन हुन बाध्य भएका छन् । आफ्नो गुजारा चलाउनका लागि पनि पत्रकारले पेशा परिवर्तन गर्नुपर्ने अवस्थाको सिर्जना भएको छ । त्यसो त कोभिडको प्रभाव हरेक क्षेत्रमा परेको छ । त्यसमा पनि अग्रस्थानमा रहेर काम गर्नुपर्ने पत्रकारलाई बढी परेको अनुभव छ । अध्यक्ष आचार्यले भन्नुभयो, “पत्रकारको आर्थिक, भौतिक, पारिवारिक, सामाजिक रुपमा समेत असर परेको छ, अग्रस्थानमा रहेर खट्नुपर्ने अवस्था हुन्छ, खटेर काम गर्ने पत्रकारले पनि तलब नपाउँदा मानसिक रुपमा तनाब झेल्नुपरेको छ ।”

श्रमजीवी पत्रकारहरुले अप्ठ्यारो अवस्थामा काम गरेको तबल नपाउनु निकै पीडादायी पक्ष हो । चाडपर्वका बेलामा परिवारको सामान्य गुजारा समेत चलाउन नसक्ने अवस्था भोग्नुपरेको व्यक्तिलाई मात्र थाहा हुन्छ । विपद्मा असाध्यै तीतो अनुभव पत्रकारले गर्नुपरेको छ । क्रियाशील रुपमा काम गर्ने पत्रकारले समयमा तबल नपाएपछि काम गर्ने उत्साह पनि हुदैन । यस्तो अवस्था भएपछि पत्रकारिताको गुणास्तरमा पनि त्यत्तिकै असर परेको हुन्छ । पत्रकारहरुले काम गरेको पारिश्रामिक लिनकै लागि आन्दोलन गर्नुपर्ने अवस्था रहदासम्म के जाँगरले काम गर्ने भन्ने पनि हुन्छ र यसबाट उनीहरुको कामको गुणस्तरमा पनि फरक पर्ने खतरा रहन्छ ।

पत्रकार आन्दोलित भएका छन् । श्रमजीवी पत्रकारको हकहितका लागि काम गर्ने पत्रकार महासंघले पनि पनि श्रमजीवी पत्रकारलाई तबल दिन दबाब दिने, शान्तिपूर्ण आन्दोलन गर्ने काम गरिरहेको छ । महासंघका अध्यक्ष आचार्यले भन्नुभयो, “दैनिकजसो पत्रकारको तलब दिलाउत सञ्चार गृहका मालिकलाई झकझक्याइरहेका छौँ, आन्दोलन गरिरहेका छौँ, कानूनी उपचारका लागि महासंघ निःशुल्क लड्ने व्यवस्था गरेका छौँ ।” महासंघले खाद्यान्न सङ्कट परेका पत्रकारलाई खाद्यान्न र स्वास्थ्य सामाग्री पनि उपलब्ध गराउँदै आएको छ ।

श्रमजीवी पत्रकारलाई समयमा तबल नदिने वा तोकिएको पारिश्रामिक नदिनेजस्ता समस्या आएपछि सरकारले न्यूनतम पारिश्रामिक निर्धारण समिति गठन गरेर अध्ययन गरिरहेको छ । उक्त समितिले सरकारले तोकेको न्यूनतम पारिश्रामिक दिन दबाब दिने काम गर्दै आएको छ ।

“कोभिडका कारण सञ्चार क्षेत्रमा कति प्रभाव परेको छ, त्यसबारेमा अध्ययन भइरहेको छ”( न्यूनतम पारिश्रामिक निर्धारण समितिका अध्यक्ष राजेन्द्र अर्यालले भन्नुभयो, “धेरै गुनासा छन्, हिजो पनि समस्या थियो, कोभिडले झन् समस्या थपिदियो, त्यस्तै कोभिड भन्दा पनि कोभिडलाई निहुँ बनाउने नियत अझ बढी देखियो ।” समितिले श्रमजीवी पत्रकारको पक्षमा परेका उजुरीलाई अध्ययन गरेर सम्बन्धित सरोकारवालाई पत्र काट्ने र बोलाएर छलफल गर्ने काम गरिरहेको छ । यदि समितिले दिएको निर्देशन पनि सञ्चारगृहले नमानेमा कारबाही गर्ने अन्तिम निकाय प्रेस रजिष्ट्रारको कार्यालयमार्फत् कानूनी उपचार गर्ने व्यवस्था छ । कानूनी उपचारमा पनि धेरै पत्रकारहरु लागिपरेका छन् ।

सरकारले पछिल्लो समयमा रु २४ हजार ५०० न्यूनतम पारिश्रामिक निर्धारण गरेको छ । त्यही पाउन पनि पत्रकारलाई समस्या परेको छ । सरकारको तर्फबाट सञ्चार क्षेत्रको प्रतिनिधित्व गरिरहनुभएका सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङको आग्रह छ, “विपद्का बेलामा कानूनले तोकेअनुसार कम्तीमा न्यूनतम पारिश्रामिक सबै पत्रकारलाई दिन आग्रह गर्छु ।”

## पर्यटकको.....

सबै ठाउँमा सञ्चार सुविधा नभएको उपल्लो डोल्पामा अझै पनि एक ठाउँबाट अर्को ठाउँमा खवर आदानप्रदान गरिँदै आएको कटुवाल प्रथा कायमै रहेको जनप्रतिनिधिको गुनासो छ । “हाम्रो पीडा कसैले सुन्दैनन्, बोल्ने मात्र त हो” शे फोक्सुण्डो गाउँपालिका( ४ का काजी गुरुङले दुखेसो पोख्नुभयो ।

देशका अधिकांश ठाउँमा सडक सञ्जालले छोयो, पशुचौपायको मद्दतले ज्यान बचाउनुपर्ने बाध्यता रहेको उहाँको गुनासो छ । भारतजस्तो खुल्ला सिमाना चीनतर्फ भएको भए उपल्लो डोल्पामा व्यापारदेखि अन्य सामग्रीहरु आयात गर्न खासै मुस्किल नहुने तर चीनतर्फ भिसा लगाएर मात्र जानुपर्ने भएकोले स्थानीयमा समस्या रहेको गुरुङले भन्नुभयो ।

सदरमुकाम दुनैमा समेत मुस्किलले आएका केही हलुका सवारीसाधनमार्फत् उपल्लो डोल्पामा घोडा, खच्चड, चौरी र याकमार्फत् सामग्री ढुवानी गर्ने गरिन्छ । केही स्थानीयवासीहरुले आफ्नो क्षमताअनुसार बोकेर सामान ढुवानी गर्ने गरेको डोल्पाका प्रमुख जिल्ला अधिकारी सुरेश सुनारले जानकारी दिनुभयो ।

देख्न रमाइलो तर जनजीवन कठिन

बाह्रै महिना आफ्नै घरमा बस्ने कसलाइ पो रहर हुँदैन र ? तर उपल्लो डोल्पाका अधिकांश सर्वसाधारणहरु बाह्रै महिना उपल्लो डोल्पा (आफ्नो घर) बस्न पाउँदैनन् । चिसो मौसम शुरु हुननसाथ घर, आँगन नै पुरिने गरी हिमपात हुने भएकाले आफूहरु तल्लो क्षेत्र झर्ने गरेको डोल्पोवुद्ध गाउँपालिका (६ का सालिम लामाले बताउनुभयो । उहाँले भन्नुभयो , “ चिसो छल्ने बहानामा वर्षायाममा सङ्कलन गरिएका जडिवुटीको व्यापारदेखि खाद्यान्न जम्मा गर्ने काम गरिरहेको छौँ, हामीसँग अरु विकल्प पनि त छैन । ”

बिरामी हुँदा सिटामोलसम्म नपाइने हाम्रो ठाउँमा पहुँच र पैसा भएकाले हेलिकोप्टर उडाएर ज्यान बचाउँछन् तर गरिबले भने मृत्यु कुरेरै बस्नुपर्ने बाध्यता भएको अर्का स्थानीयवासी धावन गुरुङले पीडा पोख्नुभयो । उपल्लो डोल्पाको सबै ठाउँमा फोनको नेटवर्क हुँदैन, विरामी भएमा स्थानीय लामालाई ल्याएर जंगली जडिवुटीको भरमा उपचार गर्नु उपल्लो डोल्पाको अर्को विकल्प भएको छ । उपल्लो डोल्पामा तीन र भित्री डोल्पामा एक स्थानीय तह रहेका छन् ।

उपल्लो डोल्पा क्याराभान चलचित्रका कारण विश्वमै चर्चित भएको र यसका नायक थिन्ले लुण्डुप लामा विश्वकै नायकका रुपमा चिनिएका थिए । डोल्पाको विकास नभई नेपालको विकास नहुने भएकाले आकर्षक उपल्लो डोल्पालाई सुन्दर पर्यटकीयस्थलका रुपमा विकास गर्न सरकारसँग कुनै योजना छैन, वर्षेनी नारा मात्र लगाउने होइन काम गर्नुगर्छ भन्नुहुन्छ डोल्पाकी सांसद सत्य पहाडी । उपल्लो डोल्पामा स्वास्थ्य संस्था कम भएको र एक गाउँबाट अर्को गाउँमा जानका लागि निकै समय लाग्ने भएकाले आम्चीको भरमा उपचार सेवा रहेको छ ।

उपल्लो डोल्पाको पेशा

कृषि यहाँका मानिसको प्रमुख व्यवसाय हो । गाई वस्तु, भेडाबाख्रा पाल्नु तथा खेतीपातीमा निर्भर रहनु यहाँको दिनचर्या जस्तै हुन्छ । हिमाली भेगमा जडिवुटीको प्रशस्त सम्भावना भएको हुनाले वैशाख, जेठको गर्मी समयमा गाउँका बलिया र अनुभवी युवाहरु अग्ला अग्ला पहाडमा यार्सागुम्वा टिप्न जाने गर्दछन् । यार्सागुम्वाको अन्तर्राष्ट्रिय बजारमा राम्रो मूल्य भएकोले यहाँको मानिसको यो सामान्य आयको माध्यम यार्सागुम्वा नै हो । यसरी टिपेको यार्सागुम्वा तिब्बती व्यापारीहरुमार्फत् चीनतिर लैजाने गरिन्छ । यार्सागुम्वा झण्डै ४ हजार मिटरभन्दा माथिका पहाडहरुमा मात्र पाइने भएकोले थुप्रै चुनौतीहरुलाई स्वीकार्दै त्यहाँ जानुपर्ने बाध्यता यहाँका स्थानीयवासीहरुको रहेको छ ।

धेरै अग्ला हिमालमा अक्सिजनको कमी हुने भएकोले कतिपय मानिसलाई लेक लाग्ने सम्भावना भएकाले त्यहाँ स्थानीय जडिवुटी साथमा लिएर सङ्कलन गर्ने यहाँका स्थानीयवासीहरु बताउँछन् । लगातार हिउँ परिरहने र गर्मी यामका एक दुई महिना मात्र हिउँ पग्लने भएकोले उपल्लो डोल्पाका पहाडहरुमा बोटविरुवा कम हुने गर्दछन् । रुख विरुवा नभएका अग्लो हिमालमा यात्रा गर्दा लडेर मृत्यु हुने सम्भावना पनि उच्च रहेको सर्वसाधारणको भनाई छ । चिसो मौसममा उपल्लो डोल्पाका प्रहरी चौकीहरु समेत सदरमुकाम दुनैमा सार्ने गरिएको छ ।

माथिल्लो भेगमा वस्ने मानिसद्धारा जङ्गली जनावरहरुको अवैध चोरी शिकारी अत्यधिक मात्रा हुने गरेको सुरक्षा अधिकारीहरु बताउँछन् ।

विकासको दृष्टिकोणले हेर्ने हो भने डोल्पा अत्यन्त पछाडि रहेको स्पष्ट देखिनछ । जुफाल विमानस्थल र जैरीघाट साना जलविद्युत आयोजना बाहेक अन्य अर्थपूर्ण भौतिक संरचनाहरु डोल्पामा छैनन् । जैरीघाट साना जलविद्युत आयोजनाले भने जिल्ला सदरमुकाम र जुफाललाई विद्युत आपूर्ति गरिरहेको छ ।

विकासको नाममा यहाँ कैयौँ सरकारी तथा गैरसरकारी संस्थावाट पहलहरु भएका छन् । तर यस्ता पहलहरुलाई एकीकृत अभियानको रुपमा अगाडि बढाए मात्र यहाँको समग्र विकासमा टेवा पुग्ने तर्क अधिकांश

*बाँकी अन्तिम पेजमा*



छेडागाड नगरपालिका–२ डेडकुले सुयाडास्थित ईन्द्रज्योति आधारभूत विद्यालयका विद्यार्थीलाई टोल कक्षामार्फत पढ्दै, पढाउँदै शिक्षक तथा विद्यार्थीहरु । तस्वीर : हेमन्त केसी, रासस

# मिथिलामा "भैयादुज" पर्व मनाइँदै

***महोत्तरी, १ मङ्सिर (रासस) :*** महोत्तरीसहित मिथिलाक्षेत्रमा आज सोमबार 'भैयादुज' पर्व मनाइँदै छ। यमपञ्चक अर्थात दीपावली पर्वको पाँचौ दिन कात्तिक शुक्ल द्वितीया तिथिमा दाजुभाइले दिदीबहिनीको निम्ता मान्दै यो चाड मनाउने मैथिल परम्परा रहँदै आएको छ। भरद्वितीया वा भातृद्वितीया पनि भनिने यो पर्वमा विवाहित दिदीबहिनीले दाजुभाइलाई आफ्नै घरमा आउन निम्ता गर्छन् । अविवाहित दिदीबहिनी र दाजुभाइको एउटै घर हुने हुँदा स्वनिवासमै यो पर्व मनाउने परम्परा रहँदै आएको छ । यमपञ्चकमा पर्वते मूलका र मैथिल हिन्दूको पर्व मनाउने पौराणिक कथावस्तु भने एउटै देखिन्छ। अघि सत्ययुगमा राजा बलिका बहिनीहरु गङ्गा र यमुनाले दाजुको सौर्यवृद्धि, कल्याण र दीर्घजीवनको कामना गर्दै सप्तरङ्गी टीका लगाइदिएका कथा नै यो पर्वको आधार परम्परा रहँदै आएको मिथिलाका प्रसिद्ध साहित्यकार डा राजेन्द्र विमल बताउनुहुन्छ।

मैथिल परम्पराको भैयादुज पर्वमा दिदीबहिनीले दाजुभाइलाई निम्ता गर्ने चलन नै छ । विवाहित दिदीबहिनीको निम्ता मान्न दाजुभाइ नयाँ वस्त्र, आभूषण कोसेली लिएर जाने गर्छन् । पर्वमा दिदीबहिनीले घरमा पिठार (पानीमा घोलिएको अरवा चामलको पिठो) ले अरिपन (चतुष्कोण घेरा) बनाएर त्यो सीमाभित्र काठको पिरामा दाजुभाइ बसाउँछन् । टाढाबाट थाकेर आएका दाजुभाइको गोडा कोपरामा राखेर तातोपानीले धुइन्छ। यसपछि अञ्जुली फैलाएका दाजुभाइलाई पिठार, पानको पात र सुपारी राखिदिएर दिदीबहिनीले सप्तरङ्गी टीका लगाइदिने मैथिल परम्परा छ। मैथिल परम्परामा यो विधि सम्पन्न गरिएसँगै दिदीबहिनीले गङ्गा, यमुनाको जस्तै वेग र कीर्ति दाजुभाइको होस् भन्दै गीतबाट भाव व्यक्त गर्दछन्। यसैक्रममा सुकेको केराउको दाना दाजुभाइलाई चबाउन दिइन्छ। 'बजरी' ख्वाइने भनिने यो विधिमा अत्यन्त सार्‍हो केराउलाई बज्रसँग तुलना गरेर बजरी भनिएको डा विमलको भनाइ छ । बजरी ख्वाइने विधिको भाव भने दाजुभाइको शरीर बज्रसमान कठोर होस् भन्ने कामना रहेको डा विमल बताउनुहुन्छ । यो विधि सकिएपछि दिदीबहिनीको आँचलमा नयाँ वस्त्र, आभूषण र नगद दक्षिणा राखिदिन्छन् । दिदीबहिनीले त्यसपछि दाजुभाइलाई मिष्ठान्न भोजन गराएर पर्व सम्पन्न गर्छन् । मिथिलामा दाजुभाइ दिदीबहिनीबीच आपसी प्रेम सम्बन्ध प्रगाढ बढाउने तीनवटा पर्व परम्परा चलेका छन्। साउन पूर्णिमाका दिन दाजुभाइलाई बाँधिने सप्तरङ्गी डोरा 'राखी' बाँधिदिने र यमपञ्चक अर्थात तिहारको कात्तिक शुक्ल द्वितीयाका दिन मनाइने भैयादुजको कथावस्तु पौराणिक गाथामा आधारित राजा बलि र उनका दिदीबहिनी गङ्गा यमुना नै हुन्। कात्तिक शुक्ल पञ्चमीदेखि पूर्णिमासम्म मनाइने सामाचकेवा पर्वभने द्वापरयुगकालीन भगवान् श्रीकृष्णका पुत्र साम्ब र छोरी सामाबीचको प्रेमपूर्ण स्नेह, समर्पण र त्यागको कथावस्तुमा आधारित भएको डा विमल बताउनुहुन्छ।

## आसियान...

सदस्य राष्ट्रहरूबीच यसअघि नै न्यून व्यापार कर रहेको अवस्थामा यस सम्झौताले अझ करका दरहरूमा कमी ल्याउने छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो कार्यकाल सन् २०१६ मा शुरु गर्दा ११ सदस्यीय अन्तर(प्रशान्त व्यापार सम्झौता परित्याग गर्नु भएको थियो।

अन्तर(प्रशान्त सम्झौतामा आसियानका १० सदस्य राष्ट्रका अलावा यसमा चीन, जापान, दक्षिण कोरिया, अस्ट्रेलिया र न्यूजील्यान्ड पनि समावेश छन् जसमा संयुक्तराज्य अमेरिका सदस्य छैन । यस समूहमा सदस्य हुन भारतलाई पनि आमन्त्रण गरिएको छ तर भारतमा यस सम्झौतालाई लिएर विरोध भएपछि भारत पछि हटेको छ।

पछिल्लो आरसेप सम्झौताको विस्तृत विवरण भने सार्वजनिक भइसकेको छैन । करका दर बारेमा जापानका लागि बनाइएको दस्तावेज १ हजार ३३४ पृष्ठको भएकाले समग्र सम्झौताको बारेमा अध्ययन गर्न समय लाग्ने बताइएको छ।

आशियान सदस्य राष्ट्रहरूमा कम्बोडिया, इन्डोनेसिया, लाओस, म्यान्मार, फिलिपिन्स, थाइल्यान्ड, ब्रुनाई, सिंगापुर, मलेसिया र भियतनाम रहेका छन्।

## बिहारको.......

मोदीको पार्टी भारतीय जनता पार्टी ( भाजपा) र मुख्यमन्त्री नितिश कुमारको पार्टी राष्ट्रिय जनता दल (आरजेडी) सहितको राष्ट्रिय लोकतन्त्रवादी गठबन्धन (एनडीए)ले नै बहुमत प्राप्त गरेको छ। तर दलको रुपमा भने पूर्व मुख्यमन्त्री लालुप्रसाद यादवका छोरा तेजस्वी यादवको नेतृत्वमा रहेको राष्ट्रिय जनता दल ७५ सिटसहित सबभन्दा ठूलो पार्टी बनेको छ। सवैभन्दा ठुलो पार्टी बनेर पनि सरकार बनाउन नपाएकाले उनीहरुले सपथ ग्रहण समारोह बहिस्कार गरेका हुन्।

सरकार बनाउन गठबन्धन बनाएर बहुमत पुऱ्याउने प्रचलन भएकाले ठूलो पार्टी भएर पनि यादवको पार्टीले बहुमत जुटाउन असफल भएको छ । सत्तारुढ दलहरुको गठबन्धनले कुल १२५ सिटमा जित हासिल गरेको छ भने विपक्षी महागठबन्धनले कुल ११० सिट मात्रै हासिल गरेको छ।

प्रदेश संसदमा दोस्रो ठूलो दलको रुपमा ७४ सिट सहित केन्द्रीय सत्तामा रहेको बीजेपी छ भने मुख्यमन्त्री नितिशकुमारको जनता दल युनाइटेड जेडियुले केवल ४३ सिट जितेको छ। नितिशकुमारको पार्टीले धेरै सिट जितेपछि उहाँको गठबन्धनले पुर्वसहमति अनुसार उहाँलाई नै मुख्यमन्त्री बनाउने निर्णय गरेर उहाँ फेरी मुख्यमन्त्री बन्नुभएको हो।

निर्वाचनका बेला विधान सभामा आफुले अहिले अन्तिम पटक उम्मेदवारी दिएको बताएकाले सायद मुख्यमन्त्रीका रुपमा उहाँको यो अन्तिम कार्यकाल हुनेछ।

कुल २४३ सिट रहेको विहार राज्यको विधान सभाका लागि कोरोनाभाइरसको महामारीका बीचमा तीन चरणमा निर्वाचन भएको थियो। निर्वाचनमा मतदानका लागि एक लाख छ हजार ५१५ मतदान केन्द्र तोकिएको थियो भने झण्डै ७५ प्रतिशत मतदाताको सहभागीता रहेको थियो।

## अमेरिकी राष्ट्रपति...

। ती उजुरीहरुमा पर्याप्त प्रमाणहरु नपुगेको भन्दै न्यायाधीशहरूले उजुरी खारेज गरिदिएका थिए । तर पनि उहाँले धाँधली भएको भन्न छाड्नुभएको छैन।

निर्वाचन आयोगका अनुसार कुल २७० इलेक्टोरल मत प्राप्त गरेमा विजयी हुनेमा ३०६ इलेक्टलर कलेज मत प्राप्त गरेर बाइडेन राष्ट्रपतिमा निर्वाचित भइसक्नुभएको छ।

आवश्यकताभन्दा अत्यधिक धेरै मत प्राप्त गरेकाले ट्रम्पको माग अनुसार मतगणना गरेपनि नतिजा उल्टिने संभावना नरहेको निर्वाचन अधिकारीहरुको भनाइ छ।

मत सङ्ख्याका आधारमा पनि ट्रम्पले भन्दा बाइडनले ५० लाखभन्दा बढी मत प्राप्त गर्नु भएको छ।

निर्वाचित हुन आवश्यक सवै प्रक्रिया र प्रमाणहरु पुरा हुँदा पनि बाइडेनको जितलाई ट्रम्पले नस्वीकार्दा अमेरिकी राजनीतिमा केही त्रास र आशंका भने अझै पनि कायमै रहेको छ।

अमेरिकामा हरेक चार चार बर्षमा राष्ट्रपति चयनका लागि नोभेम्बर महिनामा निर्वाचन हुने र त्यसपछि आउने जनवरी २० तारिखका दिन नयाँ नेतृत्व ह्वाइट हाउस प्रवेश गराउने व्यवस्था रहेको छ।

## पर्यटकको.....

सर्वसाधारणहरुको छ। डोल्पामा बाह्रै महिना यातायातका साधनहरु आवतजावत हुन सकेमा मात्र यहाँका सबै नागरिकको बाहिरी दुनियाँसँग सम्पर्क हुन सक्नेछ।

नेपालकै सबैभन्दा ठूलो जिल्ला भएको र हिमाली भेगमा स्याउका लागि अनुकुल हावापानी भएकोले यो क्षेत्रमा स्याउ उत्पादनको प्रचुर सम्भावना रहेको छ । तर दूर्भाग्य, बजारको सम्भावना नभएकोले यहाँ स्याउको कुनै मूल्य नै छैन। स्याउले बजार नपाउनु यतिखेर यहाँका स्थानीयको पीडा हो। पक्की मोटरवाटो निर्माण भएपछि मात्र डोल्पाले नेपालको अर्थतन्त्रमा राम्रो भूमिका खेल्ने निश्चित छ।

शेफोक्सुन्डो काललाई गन्तव्य बनाएर डोल्पाको पर्यटन विकासलाई थप विकास गर्न सकिने विज्ञको तर्क छ। जीवविहीन यो काललाई हरियो र नीलो रङ्गको अनुपम मिश्रणले रङ्गाएको देखिन्छ। आकाशमा सूर्यको स्थानसँगै यता कालको पनि रङ्ग फेरिन्छ। एउटा प्रचलित किंवदन्तीअनुसार यो कालभित्र प्राचीन गाउँको अवशेष देखिन्छ। शेफोक्सुन्डो नेपालको सबैभन्दा गहिरो ताल हो । शेफोक्सुन्डो राष्ट्रिय निकुञ्जमा यो ताल र शे गुम्बा छ। उपल्लो डोल्पामा पर्ने यो गुम्बा विश्वका प्रमुख १२ बौद्ध गुम्बामध्ये एक मानिन्छ । विष्णुप्रसाद शर्मा पराजुलीद्वारा लिखित 'डोल्पो विश्वको जीवित सङ्ग्रहालय'मा समेत डोल्पाको व्यख्या गरिएको छ।

डोल्पाबारे जनकलाल शर्माले विसं २०३१ मा 'कौतुकमय डोल्पो' र घटराज भट्टराईले २०३९ सालमा 'डोल्पाकी छोटी' पुस्तक लेखिसकेका छन्। तर दुई वर्षअघि 'तिब्बत यात्रा' लेखिसकेका पराजुलीको यो 'डोल्पो' नेपाली साहित्यमा डोल्पाकेन्द्रित पहिलो यात्रा निबन्ध हो। माथिल्लो डोल्पाको अनुपम सौन्दर्यलाई विदेशीले पनि यात्रा र कृतिमा समेटिसकेका छन्। शे(गुम्बा, थोसाङ गुम्बा, शे(फोक्सुन्डो ताल, नीलो भेडा, नीला सल्ला, हिमचितुवा, कस्तुरी, मृगले यो क्षेत्रको नेपालको प्रतिनिधित्व गर्छन् । त्यस्तै यहाँको संस्कृतिले हाम्रो समाजको विकास र उच्च सभ्यताको चिनारी पनि दिने सांसद पहाडीको तर्क छ। संस्कृति र परम्परामात्र होइन, प्रकृति र प्राकृतिक स्रोतबारे पनि उत्तिकै सशक्त ढङ्गगले उठाउन सकेमात्र डोल्पाको विकास र समृद्धिमा थप टेवा पुग्ने पहाडीको भनाई छ।

## धान उत्पादन......

व्यवसायीको लापरबाही कारण अलपत्र परेको हो । गत चैत(वैशाख महिनामै वायरिङ गरेका स्थानीय बासिन्दा अझै बिजुली नबल्दा निराश भएका छन्। "बिजुली बल्ने आशामा काँध खुइलिने गरी पोल ढुवानी गरेर गाडेको पनि सात महिना पुग्यो," स्थानीयबासी धनबहादुर पुर्जाले भन्नुभयो, "घरमा वायरिङ गरेपनि मुख्य लाइन विस्तार नगर्दा बिजुली बाल्ने सपना अधुरो भयो।" मुदीका २५५ र खाम्लाका ६५ गत वैशाखमै बिजुली बाल्ने लक्ष्य थियो । मच्छिमदेखि मुना हुँदै मुदी र खाम्लासम्म मुख्य तथा केही ठाउँमा शाखा लाइनको तार ताल्ने काम बाँकी छ। मुख्य र शाखा पोल गाडिएको छ।

हालै मुदी सडक यातायातमा जोडिएको छ । मुदी र खाम्लाका बासिन्दा उज्यालोका लागि अहिले सोलार र मट्टितेलको टुकीमा निर्भर छन्। विद्युत प्राधिकरणमा पटक(पटक ध्यानाकर्षण र ताकेता गरेपनि बेवास्ता गरेका गाउँपालिकाका अध्यक्ष थमसरा पुनले बताउनुभयो । "ठेकेदारले प्राधिकरणलाई, प्राधिकरणले प्रदेश कार्यालयलाई दोष देखाउँछन्,' उहाँले भन्नुभयो 'छिट्टै बिजुली बलेर जनताले सुबिधा पाउलान भनेर हेलिकप्टरबाट ट्रान्सफर्मर ढुवानी गर्नुको उद्देश्य पुरा भएन्।' मुदीमा विद्युतीकरण भएपछि धवलागिरीलाई उज्यालो पालिका धोषणा गर्ने गाउँपालिकाको तयारी छ।

ठेकेदार कम्पनीका प्रतिनिधि दिनेश थापाले विद्युत प्राधिकरणले तार र पोलमा राख्ने सामग्री उपलब्ध नगराएकाले काम गर्न नसकेको बताउनुभयो । पोखरास्थित प्रदेश कार्यालयले तार उपलब्ध नगराएकाले विद्युतीकरणको काम प्रभावित भएको विद्युत प्राधिकरण बेनी वितरण केन्द्रका प्रमुख माधव महतले बताउनुभयो। "प्रदेश कार्यालयबाट तार आउने बित्तिकै फिल्डमा पठाएर तान्न लगाउँछौ," उहाँले भन्नुभयो "तिहार लगत्तै बिजुली बाल्ने लक्ष्यसहित पहल गरेका छौँ।"

धवलागिरी गाउपालिका(७ मा पर्ने साविक ताकम गाविसका करिब ८०० र वडा नं. ६ मराङको करिब १५० घरमा मात्र केन्द्रीय प्रशारण लाइनको विद्युत् पुगेको छ। गत वर्ष वडा नं. २ लुलाङमा लघुजलविद्युत् र वडा न. ४ कै बगरमा सौर्य ऊर्जामार्फत विद्युतीकरण गरिएको छ । गुर्जा, मल्कवाङ, खिवाङ र मराङमा लघुजलविद्युत् परियोजनामार्फत विद्युतीकरण गरिएको छ। पालिकाका सबै घरमा केन्द्रीय लाइन, लघुजलविद्युत् र सौर्य ऊर्जामध्ये कुनै एक माध्यमको विद्युत सुविधा पुऱ्याउने गाउँपालिकाको योजना छ । लघुजलविद्युत् परियोजना नभएका र केन्द्रीय लाइन नपुग्ने १२० घरधुरीलाई प्रदेश सरकारमार्फत हालै ५० वाट क्षमताको सोलार सेट बितरण गरिएको थियो।

## कोभिड-१९....

विभागका अनुसार सुनकोशी(३ का लागि लुभूघाटस्थित नदीमा करिब ४८४ मिटर लामो र १६६ मिटर उचाईको बाँध निर्माण गरी ५७० घनमिटर प्रतिसेकेण्ड पानीलाई एक दशमलब एक किलोमिटर लामो र नौ मिटर ब्यास भएको सुरुङ्गबाट लुभूघाट नजिक निर्माण गरिने विद्युत्गृहमा लगिनेछ भने लगभग ५३६ मेघावाट विद्युत् उत्पादनपछि सो पानीलाई टेलरेसद्वारा पुनः सुनकोशी नदीमा खसालिनेछ। आयोजना निर्माण गर्दा काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रामेछाप र सिन्धुलीका करिब १ हजार ६०० परिवार प्रभावित हुनसक्ने थपलियाले बताउनुभयो।

आयोजनाबाट सिन्धुपाल्चोकको तीन गाउँपालिका र दुई नगरपालिका, काभ्रेपलाञ्चोकको तीन गाउँपालिका र दुई नपा, रामेछापको दुई गाउँपालिका र सिन्धुलीको एक गाउँपालिकाका बासिन्दा प्रभावित हुनेछन् । काभ्रेपलाञ्चोकको तेमाल गाउँपालिकाका आठ वडा बाँध, विद्युत्गृह र डुवानक्षेत्र पर्नेछ भने रामेछापको खाँडादेवी गाउँपालिका बाँध र डुवान क्षेत्र तथा अन्य जिल्लाको प्रभावित क्षेत्र डुवान क्षेत्रमा पर्नेछ।

वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ को नियम ४ (१), अननुसूची(२ बमोजिम इआइए प्रतिवेदन तयार गर्दा प्रभावित भनिएका क्षेत्रमा भौतिक, जैविक तथा सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रसँग सम्बन्धित सवालका विषयमा प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा 'राय( सुझाव' लिनुपर्ने भएकाले समयसीमा तोकेर ऊर्जा, जलस्रोत तथा सिचाइँ मन्त्रालय र वन तथा वातावरण मन्त्रालयद्वारा संयुक्त रुपमा सार्वजनिक रुपमा अपील गरिसकेका छन्।

काभ्रेपलाञ्चोकस्थित प्रतिनिधिसभा सदस्य एवं पूर्वमन्त्री गोकुलप्रसाद बाँस्कोटाले आयोजनाबाट प्रभावित हुने परिवारलाई परिवारलाई स्थानान्तरण गर्ने विषयमा सरोकारवालासँग छलफल भइरहेको तथा अनूकुल वातावरणपछि आयोजनाको काम सुचारु गरिने बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "वर्षौंको पर्खाइपछि राष्ट्रिय गौरवको योजना सञ्चालन हुनु सुखद् विषय रहेको छ, कोरोनाले समग्र परियोजनामा असर परेको छ नै तर पनि यसले निरन्तरता पाउनेछ।" उहाँका अनुसार उक्त स्थानमा जलाशययुक्त विद्युत् आयोजना निर्माणको सफलतापछि माछा पालन, बोटिङ, पर्यटकीय होटल तथा थप पर्यटकीय स्थल विकासको सम्भावना रहन्छ।

त्यसो त, २०७५ साल चैतमा काठमाडौँमा सम्पन्न दोस्रो लगानी सम्मेलनमा सुनकोशी(तेस्रो जलाशययुक्त विद्युत् आयोजनालाई समावेश गरिएको थियो । आयोजनामा पहुँचमार्ग पुगिसकेको छ भने प्रशारण लाइनको समस्या नदेखिएको बताइन्छ। प्रस्तावित आयोजना निर्माणस्थल सङ्घीय राजधानी काठमाडौँबाट ६० किलोमिटरको दूरीमा छ।

सन् १९८५ मै जापानी सहयोग नियोग (जाइका)ले त्यस क्षेत्रमा जलाशययुक्त विद्युत्को सम्भाव्यता अध्ययन गरेको थियो। उसले नेपालमा अध्ययन गरेका १० उत्कृष्ट जलाशययुक्त विद्युत्मध्ये सुनकोशी तेस्रो एक हो । विसं २०२२ मा पनौतीमा नेपालकै तेस्रो जलविद्युत् आयोजना (दुई दशमलब चार मेघावाट क्षमता) निर्माणपश्चात प्रस्तावित सुनकोशी(३ जलाशययुक्त विद्युत् आयोजना काभ्रेपलाञ्चोकको दोस्रो आयोजना हुनेछ।

## नेपाल संवत्ले....

रुपमा आत्मसात् गरिएको बताउनुभएको छ।

सिंगो देश नयाँ संविधानअनुरुप नयाँ संरचनागत भौतिक पूर्वाधार र मानवीय विकास क्षेत्रमा नवनिर्माणको चरणमा प्रवेश गरेको बताउँदै उहाँले एकतामार्फत समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांङ्क्षा पूरा गर्न सबैबाट समर्थन हुने विश्वास व्यक्त गर्नुभएको छ।

नेसंका सुखद् अवसरमा काठमाडौँ उपत्यकामा तत्कालीन सुधारको नेतृत्वकर्ता तथा नेसंका प्रवर्त्तक साख्वाको विशेष स्मरण गर्न चाहेको बताउँदै प्रधानमन्त्री ओलीको शुभकामना सन्देशमा भनिएको छ, "हामी जननिर्मित संविधानको संस्थागत कार्यान्वयनमार्फत मुलुकलाई विकास र समृद्धिको दिशामा अग्रसर गराइरहेका छौँ । यस अवसरमा राष्ट्रको समृद्धि र जनताको सुख प्राप्तिका लागि एकताबद्ध हुन सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक आह्वान गर्दछौँ.।" कोरोना भाइरसको महामारीबाट बची विशेष सतर्कता अपनाउँदै चाडपर्व मनाउन उहाँले सबैमा आह्वान पनि गर्नुभएको छ।

### सूचना !

बहुदरामाई नगरपालिकाको आग्रहमा विज्ञापन प्रकाशित गर्नुपर्ने भएकोले घोषित मितिभन्दा १ दिन अगावै पत्रिका प्रकाशन गर्नुपर्ने भएको सम्पूर्ण पाठकवर्ग, विज्ञापनदातालाई जानकारी गराउंदछौं।

**– सम्पादक**


- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिवाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण बिभाग


*संस्थापक/प्रधान–सम्पादकः दीपेन्द्र चौहान,* प्रकाशकः भावना चौहान, प्रबन्ध सम्पादक धीरेन्द्रबहादुर श्रेष्ठ, सम्पादक एम. के. चौरसिया, व्यवस्थापक : बृजकिशोर पंडित,मो.नं. ९८४५०२००६६,
कार्यालयः रेडक्रस भवन, घण्टाघर गोश्वारा रोड, वीरगंज Emal id: ankush_daily@yahoo.com, फोन ०५१–५२००८७, मुद्रकःवीरगंज मिडिया प्रा.लि, (वीरगंज)